खडक नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याणपुर, सप्तरी

प्रदेश नं. २ नेपाल ।

## स्यानेटरी प्याड खरिद सम्बन्धि

## सिलबन्दी बोलपत्र आहवान को सूचना

प्रथम पटक प्रकासित मिति : २०७८/०२/०३ गते

यस कार्यालयबाट स्यानिटरी प्याड खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त फर्म कम्पनी वा व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रित पूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. सिलबन्दी बोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७८/०३/०१) भित्र रु. ३,०००।- दस्तुर (फिर्ता नहुने गरि) बुझाई अध्यावधिक इजाजत पत्र तथा मू.अ.कर र स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस खडकनगरपालिका कार्यालय, कल्याणपुर, सप्तरीबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको बोलपत्र प्रष्टसँग भरि फर्म, कम्पनी वा व्यवसायीले प्रत्येक पानामा सही छाँप गरि, सिलबन्दी गरि, खाम बाहिर फर्मको नाम, ठेगाना र टेण्डर नम्बर प्रष्टसँग लेखी २०७८/०३/०२सम्म यस खडकनगरपालिका कार्यालय, कल्याणपुर सप्तरीमा दिनको १२:०० बजे सम्ममा दर्ता गराउनु पर्नेछ । म्याद सकिएपछि प्राप्त हुने सिलबन्दी बोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोही मिति २०७८/०३/०२ दिनको २:०० बजे उपस्थित सिलबन्दी बोलपत्र दाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस खडकनगरपालिका कार्यालयमा खोलिने छ । सिलबन्दी बोलपत्र दाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. एक कम्पनी, फर्म वा व्यवसायीको नाममा खरिद भएको सिलबन्दी बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. बोलपत्र ९० दिनसम्मको लागि मान्य हुनेछ । सिलबन्दी बोलपत्र साथ बिडबण्ड बापतको धरौटी रकम तपसिलमा उल्लेख भए बमोजिम बैंक जमानत वा खडकनगरपालिका कार्यालय ,कल्याणपुर सप्तरी (कृषि बिकास बैंक, कल्याणपुर) को धरौटी हि.न. ११०३७०१५०८००४०४७(खडकनगरपालिका कार्यालय, कल्याणपुर, सप्तरीमा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस कार्यालयको नाममा बैंकबाट जारी गरिएको बिडबण्ड (सिलबन्दी बोलपत्र मान्य हुने अवधिभन्दा १२० दिन बढी मान्य अवधि भएको) पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी बोलपत्र सर्त रहित कार्यालयले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । केरमेट भएको ठाउँमा अधिकार प्राप्त व्यक्तिको सहि छाँप हुनु पर्नेछ । रित नपुगेको र सूचनाका सर्त विपरित भएको सिलबन्दी बोलपत्र माथि कारवाही हुने छैन ।

७. सिलबन्दी बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा विदा पछि कार्यालय खुलेको दिन तोकेको समयमानै हुनेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

९. सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

१०. प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवं सिलबन्दी बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सर्तहरु पुरा नभएको शिलबन्दी बोलपत्रमा कारवाही गरिने छैन

११. स्यानेटरी प्याडको गुणस्तर सम्बन्धी कार्यालयको स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नुपर्ने छ

१२. सिलबन्दी बोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली,२०६४ र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली,२०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

तपसिल

| सिलबन्दी बोलपत्र न. शिक्षा | विवरण | लागत अनुमान रकम मु.अ.कर बाहेक | धरौटी रकम २.५ प्रतिशत | दरभाउ फारम दस्तुर |
|---|---|---|---|---|
| १/२०७७/०७८ | स्यानिटरी प्याड खरिद कार्य | रु.२७९८२३०/- | रु.८००००/- | रु.३००० |

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner